नेपाल सरकार

# स्वास्थ्य बीमा बोर्ड

पत्र संख्या: २०८१/०८२
चलानी नं.: २५८(आ.प्र.शाखा)

फोन नं.: ०१-४१००१०८
टोल फ्री : १६६००१११२२४
बबरमहल, काठमाडौं
मितिः २०८१/१०/११

**विषयः- भुक्तानी सम्बन्धमा ।**

श्री सेवा प्रदायक स्वास्थ्य संस्था सबै ।

प्रस्तुत विषयमा यस बोर्डको मिति २०८१/१०/०८ को निर्णयबाट सरकारी, सामुदायिक र सहकारी तर्फका विभिन्न सेवा प्रदायक स्वास्थ्य संस्थाहरुलाई २०८१ बैशाख देखी २०८१ असार सम्मको दावी रकम भुक्तानी भएको भनि २०८१/१०/०९ मा यस बोर्डको बबरमहल स्थित वेबसाइटमा राखिएकोमा विभिन्न सेवा प्रदायक स्वास्थ्य संस्थाहरुबाट दावी रकम नमिलेको भनि गुनासो प्राप्त हुन थालेकोले सो सम्बन्धमा यस बोर्डको दावी व्यवस्थापन र सुचना प्रविधि शाखामा बुझ्दा हाल पठाइएको रकम २०८१ असार सम्मको रुजु सम्पन्न भए सम्मको भएको र सोही अवधिको रुजु हुन बाँकी रकम यथासिघ्र रुजु सम्पन्न गरि पठाइने व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०८१/१०/११

रामहरि तिमल्सिना
लेखा अधिकृत